आज मिति २०७८ साल बैशाख १५ गते रामेछाप नगरपालिकाका प्रमुख श्री नर बहादुर थापा मगरज्यूको अध्यक्षतामा देहायमा उल्लेखित सद्श्यहरुको उपस्थितिमा कोभिड-१९ रोकथाम नियन्त्रण तथा व्यवस्थापन निर्देशक समितिको बैठक बसि देहायमा उल्लेखित निर्णयहरु गरियो ।

उपस्थितिः

१ अध्यक्ष श्री नर बहादुर थापा मगर प्रमुख

२ सद्श्य श्री सृजना खड्का उपप्रमुख

३ सद्श्य श्री सुकदेव नेपाल प्र प्र अधिकृत (उपसचिव)

५ सद्श्य श्री नर बहादुर थापा १ नं वडा अध्यक्ष

६ सद्श्य श्री निर बहादुर श्रेष्ठ २ नं वडा अध्यक्ष

७ सद्शय श्री भुपालराज श्रेष्ठ ३ नं वडा अध्यक्ष

८ सद्श्य श्री टुपेन्द्र तामाङ ४ नं वडा अध्यक्ष

९ सद्श्य श्री भिम बहादुर तामाङ ५ नं वडा अध्यक्ष

१० सद्श्य श्री धन बहादुर खड्का ६ नं वडा अध्यक्ष

११ सद्श्य श्री समिर कार्की ७ नं वडा अध्यक्ष

१२ सद्श्य श्री केदार कार्की ८ नं वडा अध्यक्ष

१३ सद्श्य श्री चन्द्र बहादुर श्रेष्ठ ९ नं वडा अध्यक्ष

१२ सद्श्य श्री अनिता काफ्ले का पा सद्श्य

१३ सद्श्य श्री जनक सुनुवार का पा सद्श्य

१४ सद्श्य श्री कविता रिसाल का पा सद्श्य

१५ सद्श्य श्री ज्ञानुदेवी कार्की का पा सद्श्य

१६ सद्श्य श्री जमुना हायु का पा सद्श्य

१७ सद्श्य श्री सरोज कटुवाल का पा सद्श्य

१८ सद्श्य श्री रुकुम हायु का पा सद्श्य

१९ सद्श्य श्री मदन सुवेदी लेखा प्रमुख

२० सद्श्य श्री लोकहरी दाहाल कानुनी सल्लाहाकार

२१ सद्श्य सचिव श्री बिष्णु बहादुर कार्की जनस्वास्थ्य अधिकृत

बैठकका एजेन्डाहरु:

१ आइसोलेशन तथा क्वारेन्टिन व्यवस्थापन सम्वन्धमा ।

२ बिदेश तथा अन्य जिल्लाबाट आएका नागरिकहरुको तत्काल व्यवस्थापन सम्वन्धमा ।

३ हाट बजार, मेला पर्ब तथा सामाजिक कार्यहरु नियन्त्रणका समवन्धमा ।

४ शंकास्पद व्यक्तिहरुको आवश्यक परिक्षण तथा होम क्वारेन्टिन अनुगमन सम्वन्धमा ।

५ शैक्षिक संस्थाहरुमा पठन पाठन सम्वन्धमा ।

निर्णयहरु:

प्रस्ताव नं १. उपर छलफल हुँदा क) आइसोलेशन व्यवस्थापनका लागि यस नगरपालिका भित्र रहेको जिल्ला अस्पतालमा हालसालै तयार भएको नयाँ आइसोलेशन भवन सञ्चालनका लागि अस्पताल बाट माग भए बमोजिमका थप जनशक्तिहरु उपलब्ध गराइ उक्त सेवा सुचारु गर्ने ।

ख) क्वारेन्टिन व्यवस्थापनका लागि नगरपालिका स्तरमा यस अगाडि व्यवस्थापन भएका स्थानहरु वडा नं ८ भंगेरीमा र भुसंरक्षण तथा जलाधार कार्यालयमा ३० बेड क्षमताको क्वारेन्टिन तयारी गरी सञ्चालनमा ल्याउने र उक्त स्थानमा आवश्यक जनशक्तिहरुको व्यवस्थापन गर्ने । वडाहरुका लागि यस अगाडि स्थापना भएका वडा नं १, ३, ४ र ५ मा २० बेड क्षमताका क्वारेन्टिनहरु पुनः सुचारु गरी सम्वन्धित स्वास्थ्य संस्थाहरुबाट जनशक्तिहरु परिचालन गर्ने । थप क्वारेन्टिन बेडहरुको आवश्यक्ता भएमा यस अगाडी प्रयोग भएका स्थानहरु बालमन्दिर प्रा वि र श्री गौरी शंकर क्याम्पसका भवनहरु समेत प्रयोग गरी पुन क्वारेन्टिन सञ्चालनमा ल्याउने । क्वारेन्टिन लगायत स्वास्थ्य संस्थाहरुका लागि आवश्यक स्वास्थ्य सुरक्षाका सामग्रीहरु स्वास्थ्य शाखा मार्फत व्यवस्थापन गर्ने निर्णय गरियो ।

२. विदेश तथा अन्य संक्रमित स्थानबाट आएका यस पालिका भित्रका नागरिकहरु मध्ये कोभिड-१९ मिल्दोजुल्दो लक्षण भएका नागरिकहरुलाई आफ्नै घरमा मापदण्ड अनुसारको क्वारेन्टिनका लागि व्यवस्था भएमा स्थानीय स्वास्थ्य संस्थाको निगरानी हुने गरी क्वारेन्टिनमा वस्न लगाउने र उक्त व्यवस्था नभएमा सेलेघाट नाकाबाट सिधै यस नगरपालिकाको क्वारेन्टिनमा ल्याइ तोकिएको अवधि सम्म राख्ने । यस नगरपालिकाको पूर्वी नाका साँघुटार बजारको पुलमा आवश्यक्ता अनुसार स्वास्थ्य चौकी साँघुटार बाट र विद्यालय नर्सहरुको परिचालन गरी हेल्थ डेस्कको स्थापना गरि महामारीको अवधि भर सञ्चालनमा ल्याउने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ उपर छलफल हुँदा यस नगरपालिका अन्तर्गत साँघुटारमा शनिबार र रामेछापमा बिहिबार लाग्ने हाटबजार अर्को सूचना नभए सम्मका लागि बन्द गर्ने साथै मेला पर्व तथा सामाजिक कार्यहरुमा स्वास्थ्य सुरक्षाका उपायाहरु अपनाएर २५ जना सम्ममा सिमित गराई सो भन्दा बढि मानिसहरुको जमघटमा रोक लगाउने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ उपर छलफल हुँदा यस नगरपालिका भित्र बाहिरबाट आएका तथा अन्य नागरिकहरुमा कोभिड-१९ संक्रमणका मिल्दोजुल्दो लक्षण भएका व्यक्तिहरुलाई सम्वन्धित वडाका कोभिड प्रिभेन्टिभ ग्रुप (CPG) मार्फत खोजपड्ताल गरी स्वास्थ्य संस्थाबाट नगरपालिकाको CICT (Case Investigation & Contact Tracing) संग समन्वय गरी आवश्यक परिक्षणको व्यवस्था मिलाउने र निजहरुलाई आफ्नै घरमा तोकिएको अवधिभर होम क्वारेन्टिनमा राखी निगरानी गर्ने । शंकास्पद ब्यक्तिहरुको पिसिआर नमूना संकलन गरी परीक्षणका लागि नगरपालिका बाट सवारी साधनको आवश्यक व्यवस्थापन गरी नजिकको परिक्षण केन्द्रसम्म पुऱ्याइ छिटो परिक्षणको नतिजा प्राप्त गरी कोभिड-१९ पोजेटिभ भएका व्यक्तिहरुलाई रामेछाप अस्पतालको आइसोलेशन केन्द्रमा राखी आबश्यक उपचारको व्यवस्था मिलाउने निर्णय गरियो ।

५ प्रस्ताव नं ५ उपर छलफल हुँदा नेपाल सरकारको निर्णय अनुसार सम्पूर्ण शैक्षिक संस्थाहरुमा विद्यार्थीहरुको भौतिक उपस्थितिमा हुने शिक्षण सिकाइ कृयाकलापहरु अर्को सूचना नभए सम्मका लागि स्थगित गर्ने र शिक्षण संस्थाहरुले स्वास्थ्य सुरक्षा सावधानी सहित बैकल्पिक सिकाइका माध्यमहरु अपनाएर शिक्षण कृयाकलापहरु नियमित गर्न लगाउने तथा विद्यालयहरुले लिने तथा नगर स्तरिय सबै खाले परिक्षाहरु समेत अर्को सूचना नभए सम्मका लागि स्थगित गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकाका सबै वडाहरुमा "तपाईको रवोई मास्क" भन्ने अभियान सञ्चालन गरी मास्कको प्रयोग गर्न नगरपालिकाबाट सचेतनामूलक कार्यक्रम संचालन गर्ने । साथै सूचनामूलक सन्देशहरु स्थानीय रेडियो लगायतका सञ्चार माध्यमहरुबाट प्रशारण प्रकाशन गर्ने ।